मिति : २०७९/०८/१९ (सोमबार) स्थान : पोखरा महानगरपालिका सभाहल

बैठक संख्या : आठौं समय : दिनको १ : ०० बजे।

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्युको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको आठौं कार्यपालिका बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो।

## उपस्थिति

| क्र.सं. | | पदाधिकारीहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री धनराज आचार्य | प्रमुख | |
| २ | उपाध्यक्ष | श्री मञ्जुदेवी गुरुङ्ग | उप प्रमुख | |
| ३ | सचिव | श्री वीरेन्द्रदेव भारती | प्र.प्र.अ. | |
| ४ | सदस्य | श्री शाहारा प्रधान | अध्यक्ष वडा नं.१ | |
| ५ | सदस्य | श्री दिवस प्रधानाङ्ग | अध्यक्ष वडा नं.२ | |
| ६ | सदस्य | श्री प्रकाशमान उदास | अध्यक्ष वडा नं.३ | |
| ७ | सदस्य | श्री देव कृष्ण पराजुली | अध्यक्ष वडा नं.४ | |
| ८ | सदस्य | श्री विष्णु प्रसाद बराल | अध्यक्ष वडा नं.५ | |
| ९ | सदस्य | श्री विष्णु बहादुर भट्टराई | अध्यक्ष वडा नं.६ | |
| १० | सदस्य | श्री राममोहन आचार्य | अध्यक्ष वडा नं.७ | |
| ११ | सदस्य | श्री रुद्रनाथ बराल | अध्यक्ष वडा नं.८ | |
| १२ | सदस्य | श्री दिपेन्द्र मर्सानी | अध्यक्ष वडा नं.९ | |
| १३ | सदस्य | श्री राजेश गुरुङ्ग | अध्यक्ष वडा नं.१० | |
| १४ | सदस्य | श्री प्रेम प्रसाद कर्माचार्य | अध्यक्ष वडा नं.११ | |
| १५ | सदस्य | श्री सन्तोष वास्तोला | अध्यक्ष वडा नं.१२ | |
| १६ | सदस्य | श्री किरण बराल | अध्यक्ष वडा नं.१३ | |
| १७ | सदस्य | श्री बोध बहादुर कार्की | अध्यक्ष वडा नं.१४ | |
| १८ | सदस्य | श्री तोरण बहादुर बानिया | अध्यक्ष वडा नं.१५ | |
| १९ | सदस्य | श्री अमृत शर्मा तिमिल्सीना | अध्यक्ष वडा नं.१६ | |
| २० | सदस्य | श्री राधिका कुमारी शाही | अध्यक्ष वडा नं.१७ | |

| | | | | |
|---|---|---|---|---|
| २१ | सदस्य | श्री शिव प्रसाद तिमिल्सीना | अध्यक्ष वडा नं.१८ | |
| २२ | सदस्य | श्री पुष्पेन्द्र पाण्डे | अध्यक्ष वडा नं.१९ | |
| २३ | सदस्य | श्री गंगा बहादुर खत्री | अध्यक्ष वडा नं.२० | |
| २४ | सदस्य | श्री दिपक प्रसाद सुवेदी | अध्यक्ष वडा नं.२१ | |
| २५ | सदस्य | श्री हिमलाल बराल | अध्यक्ष वडा नं.२२ | |
| २६ | सदस्य | श्री रामकाजी गुरुङ्ग | अध्यक्ष वडा नं.२३ | |
| २७ | सदस्य | श्री भरत बहादुर अधिकारी | अध्यक्ष वडा नं.२४ | |
| २८ | सदस्य | श्री मोतिराज तिमिल्सीना | अध्यक्ष वडा नं.२५ | |
| २९ | सदस्य | श्री नरेन्द्र थापा | अध्यक्ष वडा नं.२६ | |
| ३० | सदस्य | श्री पूर्ण कुमार गुरुङ्ग | अध्यक्ष वडा नं.२७ | |
| ३१ | सदस्य | श्री श्रीकृष्ण लामिछाने | अध्यक्ष वडा नं.२८ | |
| ३२ | सदस्य | श्री श्रीप्रसाद गुरुङ्ग | अध्यक्ष वडा नं.२९ | |
| ३३ | सदस्य | श्री दुर्गा प्रसाद सुवेदी | अध्यक्ष वडा नं.३० | |
| ३४ | सदस्य | श्री ढकनाथ कडेल | अध्यक्ष वडा नं.३१ | |
| ३५ | सदस्य | श्री अक्कल बहादुर कार्की | अध्यक्ष वडा नं.३२ | |
| ३६ | सदस्य | श्री रामचन्द्र अधिकारी | अध्यक्ष वडा नं.३३ | |
| ३७ | सदस्य | श्री दिपक घिमिरे | कार्यपालिका सदस्य | |
| ३८ | सदस्य | श्री हरिमाया बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३९ | सदस्य | श्री गोविन्द तुलाचन | कार्यपालिका सदस्य | |
| ४० | सदस्य | श्री मन्दिरा परियार | कार्यपालिका सदस्य | |
| ४१ | सदस्य | श्री धन कुमारी पोखेल | कार्यपालिका सदस्य | |
| ४२ | सदस्य | श्री निर्मल दियाली | कार्यपालिका सदस्य | |
| ४३ | सदस्य | श्री निर्मला पौडेल | कार्यपालिका सदस्य | |
| ४४ | सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | कार्यपालिका सदस्य | |
| ४५ | | श्री जीतेन्द्र जंग के.सी. | सहायक प्रमुख प्रशासकीय अधिकृत | |
| ४६ | | श्री किरण प्रसाद कोइराला | वरिष्ठ प्रशासकीय अधिकृत आठौंतह | |

## कार्यपालिकाको आठौं बैठकको निर्णयहरु (२०७९/०९/१९)

**निर्णय नं. १**:- पोखरा महानगरपालिका क्षेत्रभित्रका जग्गाहरुको भूबर्गीकरणको सम्बन्धमा पोखरा महानगरपालिका स्थानीय भूपरिषदको मिति २०७९/०८/१९ को बैठकले गरेको निर्णयलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**:- महानगरपालिकाले आफ्नो क्षेत्रभित्रका ७० वर्ष माथिका ज्येष्ठ नागरिकलाई पोषण खर्च उपलब्ध गराउने नगर सभाको निर्णय बमोजिम नेपाल सरकारले उपलब्ध गराएको सामाजिक सुरक्षा रकम सँगै महानगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने गरि मासिक रु. २००/- ७० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकलाई उपलब्ध गराउने पोषण खर्चलाई नियमित र विधि सम्मत बनाउन **जेष्ठ नागरिकलाई पोषण खर्च उपलब्ध्ध गराउने सम्बन्धि कार्यविधि, २०७९** छलफल गरि स्वीकृत गरियो । कार्यविधि अनुसूची - १ मा संलग्न छ ।

**निर्णय नं. ३**:- चालु आ.व.मा वडा कार्यालयमा विपद व्यवस्थापनको लागि विनियोजित बजेट खर्च गर्दा विपद व्यवस्थापन कोष संचालन कार्यविधि, २०७६ र आर्थिक सहायता कार्यविधि, २०७९ को अधिनमा रही देहाय बमोजिम खर्च गर्ने ।

क) प्रकोपबाट विपत्ती सृजना भै तत्काल नगरि नहुने कार्यको लागि वडा विपद व्यवस्थापन समितिको बैठकको निर्णय बमोजिम एउटा कार्यको लागि बढीमा रु. एकलाख सम्म खर्च गर्न सकिने ।

ख) प्रकोपबाट सृजित विपत्तीको कारण मानविय समस्या वा आवागमन अवरोध भै तत्काल आवागमन सुचारु गर्न रु. एकलाख भन्दा बढी खर्च गर्नु परेमा महानगरपालिकाबाट पूर्व स्वीकृती लिनुपर्ने ।

ग) खर्च गर्दा नियमानुसार प्राविधिकको मुल्यांकन अनिवार्य संलग्न हुनुपर्ने ।

घ) खर्चगर्दा प्रचलित कानुन बमोजिम प्रक्रिया पुर्‍याएर मात्र गर्नुपर्ने ।

ङ) विपद खर्च शीर्षकमा विनियोजित रकम प्रकोपको कारण नगरि नहुने काम बाहेक बाटो मरमत सुधार स्तरोन्नती जस्ता कार्यमा यो रकम खर्च गर्न पाईने छैन ।

**निर्णय नं. ४**:- पोखरा महानगरपालिकाको गौरवको योजना वडा नं. ७ र १७ मा पर्ने RTO Road विस्तारको क्रममा बाटोको क्षेत्राधिकार भित्रपरेका नीजि भौतिक संरचना ( घर टहरा ) हटाउन भएको बाधा अवरोधको सम्बन्धमा वडा नं. ७ को अध्यक्ष ज्यू को रोहबरमा मिति २०७९।०६।०७ गते भएको सहमती अनुसार विष्णु कुमारी श्रेष्ठको घर बाहेक अन्य व्यक्तिको मापदण्डमा परेको संरचना महानगरपालिकाले भत्काई सो को सामान्य मरमत गर्ने कार्य महानगरपालिकाले गर्ने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने ।

**निर्णय नं. ५**:- वडा नं. ८ मा पोखरा महानगरपालिकाको ठेक्कानं. 93/ PMC/NCB/W/B-07778 प्रशासकीय भवन निर्माण गर्न निर्माण व्यवसायी भुमि बुद्धध ओम बुद्ध जे.भि. बिराटनगरसँग मिति २०७८।०६।१० मा ठेक्का सम्झौता भएकोमा उक्तस्थानमा स्थानीयको अवरोधको कारण निर्माण कार्य अगाडी बढाउन

नसकिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा २(क) , (ख) र (घ) बमोजिम उक्त फर्मले भुक्तानी लिएको Mobilisation पेश्की फिर्ता गराउन र काबु बाहिरको परिस्थितिको अवस्था भएकाले सुविस्ताको आधारमा ठेक्का सम्झौता अन्त्य गर्ने ।

निर्णय नं. ६ :- फेवातालको पश्चिम तर्फ सिमाना एकिन गरि पोल गाड्ने तथा बीच भाग खपौदी पश्चिम तर्फ एक माटोको पर्खाल (मड ड्याम) निर्माण गर्न आवश्यक वातावरणीय अध्ययन मूल्याकंन IEE प्रक्रिया अघि बढाउने ।

निर्णय नं. ७ :- वडा नं. ९ महेन्द्र पुलमा साविकमा आर्ट ग्यालरी भएको महानगरपालिकाबाट खाली गरिएको स्थानमा smart सार्वजनिक शौचालय NRNA ले निर्माण गरिदिने प्रस्ताव गरेकोले उक्त संस्थाले प्रस्तुत गरेको डिजाईन बमोजिम Smart शौचालय बनाउन सहमती दिने ।

निर्णय नं. ८ :- वडा नं. ९ महेन्द्र पुलको दक्षिण तफको साविक गोरखाापत्र बाजेको पसल भएको तर्फ हालै महानगरपालिकाले पुरानो संरचना भत्काई खाली गरेको स्थानमा रहेको भीमसेन दाहालको शालिकलाई निर्माण समितिर राजनैतिक दलहरु सँग समन्वय गाेर संरक्षण सहित वडा नं. १८ मा रहेको विभूति पार्कमा स्थानान्तरण गर्ने र सो ठाउँमा महानगरपालिकाले अन्तराष्ट्रिय झण्डा पार्क निर्माण गर्ने ।

निर्णय नं. ९ :- नगरपालिका संघको आयोजना र व्यवस्थापनमा आयोजित ६ दिने दक्षिण भारत (उडिसा तेलगंना) राज्यका Waste management लगायतको विषयमा अध्ययन भ्रमणमा नगर प्रमुख तथा २ जना कर्मचारीलाई आमन्त्रण गरिएकोमा सो भ्रमणको आर्थिक दायित्व नरहने गरि सरसफाई शाखा प्रमुख कल्पना बराल र ई. ध्रुब भट्टराई लाई सहभागी गराउने ।

निर्णय नं. १०:- वडा नं. ९ को पृथ्वीचोकमा रहेको ट्राफिक कार्यालय अत्यन्त जिर्ण भएको र जुनसुकै बेला भत्किएर धनजनको क्षेती हुन सक्ने भएकाले उक्त ट्राफिक कार्यालय भवन भत्काउने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने र उक्त स्थानमा प्रस्तावित पोखरा भवन निर्माण गर्न सो जग्गा महानगरपालिकालाई उपलब्ध गराउन पोखरा उपत्यका नगर विकास समिति लाई अनुरोध गर्ने ।

अनुसूची-१

# पोखरा महानगरपालिकाको तर्फबाट जेष्ठ नागरिकहरुका लागि पोषण खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७९

## १. प्रस्तावना

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ मा नगरपालिकाको काम कर्तब्य र अधिकार अन्तर्गत दफा ११(२) झ मा आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धि नीति, कानुन, मापदण्ड,योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने भनि उल्लेख गरेको साथै यस महानगरपालिकाका जेष्ठ नागरिकहरुको स्वास्थ्य र पोषणमा विशेष ख्याल राख्नुपर्ने दायित्व स्थानीय सरकारको समेत भएको हुँदा उक्त कार्यलाई ब्यबस्थित गर्न यो कार्यविधि "पोखरा महानगरपालिकाको तर्फबाट जेष्ठ नागरिकहरुका लागि पोषण खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०७९" बनाई लागु गरिएको छ।

## २. सम्क्षिप्त नाम र प्रारम्भ

१. यस कार्यविधिको नाम "पोखरा महानगरपालिकाको तर्फबाट जेष्ठ नागरिकहरुका लागि पोषण खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०७९" रहेको छ।

२. यो कार्यविधि नगर कार्यपालिकाको निर्णय पश्चात तुरुन्तै प्रारम्भ हुनेछ।

## ३. परिभाषा

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क. "प्रमुख" भन्नाले पोखरा महानगरपालिकाको प्रमुख लाई सम्झनु पर्छ।

ख. "उप प्रमुख" भन्नाले पोखरा महानगरपालिकाको प्रमुख लाई सम्झनु पर्छ।

ग. " प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पोखरा महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ।

घ. "नगरपालिका " भन्नाले पोखरा महानगरपालिका लाई सम्झनु पर्छ।

ङ. "जेष्ठ नागरिक" भन्नाले नेपाल सरकारले जेष्ठ नागरिक भनि तोकेको वर्ष (हाललाई ६८ वर्ष) र नेपाल सरकारले उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका नगरपालिका भित्रका नागरिकलाई सम्झनुपर्छ।

च. "पोषण खर्च" भन्नाले ७० वर्ष माथिका जेष्ठ नागरिकहरु जसले मासिक रु. २००/- का दरले प्राप्त गर्ने नगदलाई सम्झनुपर्छ।

छ. "ऐन " भन्नाले सामाजिक सुरक्षा ऐन २०७५ , पहिलो संसोधन ऐन २०७९ वा अन्य यस्तै कार्यान्वयनमा आएको ऐन सम्झनुपर्छ।

## ४. उद्देश्य

जिवनको सक्रिय अबधि व्यतित गरिसकेर उत्तरार्द्धमा पुगेका व्यक्तिहरुमा उपयुक्त पोषणको अभावले स्वास्थ्यमा प्रतिकुल असर परिरहेको बिषय स्वयमसिद्ध भएको हुँदा यस महानगरपालिकाले आफ्ना जेष्ठ नागरिकहरुका लागि पोषणयुक्त खानेकुरा, फलफुल जस्ता पौस्टीक खानेकुरा खानका लागि प्रोत्साहन मिल्नेछ भन्ने अपेक्षा राखी पोषण खर्च बापत मासिक रु. २००/- (दुईसय मात्र ) उपलब्ध गराउने उद्देश्यले यो कार्यविधि तयार गरिएको छ।

सामाजिक सुरक्षा ऐन २०७५ को दफा १४ मा "सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिले प्रचलित कानुन बमोजिम पाउने अन्य प्रकारको सामाजिक सुरक्षा पाउन यस ऐन ले बाधा पार्ने छैन" भनि स्पस्ट उल्लेख गरेको हुँदा पोखरा महानगरपालिकाको

११औ नगर सभाले प्रति जेष्ठ नागरिक मासिक रु. २००/- का दरले पोषण खर्च उपलब्ध गराउन निर्णय गरेको हुँदा सो लाई व्यबस्थित गर्ने उद्देश्यले समेत यो कार्यविधि तयार गरिएको छ।

### ५. कार्यक्रमको कार्यन्वयन

सामाजिक सुरक्षा ऐन २०७५ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य जेष्ठ नागरिकहरुको वडा कार्यालयबाट प्राप्त विवरण लाई आधार मानि नगरपालिकाको निर्णय बमोजिम उपलब्ध गराईनेछ।

### ६. कोष सम्बन्धि व्यवस्था

यस कोषका लागि आबस्यक बजेटको व्यवस्था महानगरको नगर सभाले गर्नेछ।

### ७. व्याख्या गर्ने अधिकार

कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयनको सम्बन्धमा कुनै दुविधा परेमा अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यापालिकामा रहनेछ।

### ८. संसोधन सम्बन्धि व्यवस्था

कार्यविधिमा उल्लेखित दफाहरुको संसोधन गर्नुपरेमा नगर कार्यपालिकाले गर्नेछ।

### ९. बाधा अड्काउ सम्बन्धि व्यवस्था

कार्यक्रम कार्यान्वयनका बखत कुनै बाधा व्यवधानहरू आईपरेमा सोको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा रहनेछ।

### १०. निर्देशन दिन सक्ने

आबस्यक परेमा कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयनका लागि नगर कार्यपालिकाले उपसमिति गठन एबं निर्देशन दिन सक्नेछ।

पोखरा महानगरपालिका

न्यूरोड, पोखरा

<u>कार्यपालिकाको आठौं बैठकको प्रस्तावहरु</u>

१. भू-उपयोग बर्गीकरण सम्बन्धमा ।

२. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनको लागि बजेट व्यवस्था सम्बन्धमा ।

३. बहुवर्षिय खरिद प्रक्रिया सम्बन्धमा ।

४. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति गठन कार्यविधि, २०७९ सम्बन्धमा ।

५. विधालय नर्स कार्यक्रम संचालन कार्यविधि, २०७९ सम्बन्धमा ।

६. वार्षिक कार्यक्रम संचालन निर्देशिका, २०७९ संम्बन्धमा ।

७. जेष्ठ नागरिकलाई पोषण खर्च उपलब्ध्य गराउने सम्बन्धि कार्यविधि, २०७९ सम्बन्धमा ।

८. लक्ष्मी मा.वि. घैंटेखोर सडक निर्माणको गत आ.व. को भुक्तानी दिन बाँकी रु. ४१९९७४/- भुक्तानी दिने सम्बन्धमा (उपभोक्ताबाट भुक्तानी पाउने रकम राजश्व खातामा जम्मा भएकाले भुक्तानी हुन बाँकी)

९. वडा नं. १६ को श्री ज्ञानज्योती माध्यामिक विधालयको भवन निर्माण गर्न भारतिय दुतावासबाट प्राप्त हुने सहयोग रकमको २० प्रतिशत रकम स्थानीय तहले साझेदारी सुनिश्चीत गर्ने सम्बन्धमा ।

१०. महानगरपालिका र वडा कार्यालय भवनको नक्शा पास गर्ने सम्बन्धमा ।

११. मनसुनजन्य विपदमा आवास पुननिर्माणको लागि जिल्ला विपद समितिमा सिफारिस गर्ने सम्बन्धमा ।

१२. सामुदायीक विधालयको लागि लागत साझेदारीमा बस खरिद गर्न रकम व्यवस्था सम्बन्धमा

१३. वेष्ट मेनेजमेण्ट रिसाईक्लिङ्ग प्रा.लि. लाई सरसफाई शुल्क फिर्ता भुक्तानी सम्बन्धमा ।

१४. परामर्श सेवा सम्बन्धी नर्म्स स्वीकृति सम्बन्धमा ।

१५. वडामा विपद व्यवस्थापनको लागि विनियोजित रकम खर्च गर्ने सम्बन्धमा ।

१६. खेलकुद पुरस्कार सम्बन्धमा ।

१७. शहरी स्वास्थ्य केन्द्र वडा नं. १५ को सेवा विस्तार सम्बन्धमा ।

१८. RTO Road को समस्या सम्बन्धमा ।

१९. ठेक्का सम्झौता रद्द गर्ने सम्बन्धमा । (पोखरा महानगरपालिका )

२०. पोखरा महानगरपालिका कर्मचारी ऐन बमोजिम स्तर बृदि भएका कर्मचारी सम्बन्धमा ।

२१. फेवातालको पश्चिम तर्फ सिमाना एकिन गरि पोल गाड्ने तथा वीच भाग (खपौदी पश्चिम) मा एक माटोको पर्खाल (मड ड्याम) निर्माण गर्न आवश्यक वातावरणीय अध्ययन मूल्याकंन गर्ने सम्बन्धमा ।

२२. वडा नं. ९ महेन्द्र पुलको आर्ट ग्यालरी भएको स्थानमा प्रस्तावित सार्वजनिक शौचालय, पार्क तथा शहिद भिमसेन दाहालको शालिक भएको ठाउँमा शालिकलाई संरक्षण सहित विभूति पार्कमा स्थानान्तरण गर्ने र सो ठाउँमा अन्तराष्ट्रिय झण्डा पार्क निर्माण गर्ने सम्बन्धमा ।

२३. प्रस्तावित सार्वजनिक शौचालय NRNA ले निर्माण गरिदिने प्रस्ताव गरेकोले सो सम्बन्धमा सम्पूर्ण पार्क समेत नभए शौचालय मात्र भएपनि निर्माण स्वीकृति दिने सम्बन्धमा ।

२४. नगरपालिका संघको आयोजना र व्यवस्थापनमा आयोजित ६ दिने दक्षिण भारत (उडिसा तेलगंना) राज्यको अध्ययन भ्रमणमा नगर प्रमुख तथा २ जना कर्मचारीलाई आमन्त्रण गरिएकोमा सो भ्रमणको आर्थिक दायित्व नरहने गरि भ्रमण स्वीकृत गर्ने सम्बन्धमा ।

२५. फिर्के खोलाको दुबै तर्फका अनाधिकृत संरचना हटाई दुबै तर्फ साइकल ट्रेल तथा फुट ट्रेल निर्माण गर्न आवश्यक अध्ययन गर्ने सम्बन्धमा ।

२६. साविक ट्राफिक कार्यालय भएको ठाउँमा प्रस्तावित पोखरा भवन निर्माण गर्न जग्गा प्राप्ति लगायत आवश्यक प्रकृया अगाडि वढाउने सम्बन्धमा ।

२७. कृषिमा आधुनिकीकरण सम्बन्धमा विज्ञ र रबि बजाजज्यूको प्रस्तुतिकरण सम्बन्धमा ।

२८ बिबिध ।

प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश नेपाल